फोन नं. ०४८-५४०११४

# जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप
## मन्थली
## ३ नम्वर प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं. १०/२०७३/७४**

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७३/१२/२८)**

यस कार्यालयको चालु आ.व. २०७३/७४ मा संचालन हुने विभिन्न विकास निर्माणका कार्य शिलबन्दी बोलपत्रको माध्यमवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक सम्बन्धित निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिएको छ।

१. बोलपत्र कागज यस कार्यालयवाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (२०७४/०१/२७) को कार्यालय समय भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिवाट तपशिल बमोजिम नगदै दस्तुर तिरी वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक मन्थली स्थित खाता नं. १६८०३०४०३८३०१ (ग-४-३) मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।

२. बोलपत्र खरिदका लागि निवेदन पेश गर्दा निवेदन साथ उद्योग दर्ता प्रमाणपत्र, इजाजत प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०७२/०७३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. खरिद भएको शिलवन्दी बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी सम्बन्धित निर्माण व्यवसायी फर्मले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले ३१ (औ) दिन २०७४/०१/२७ गते दिनको १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुन आएका बोलपत्रपत्रहरु सोही दिन दिनको १.०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्नगएमा सोको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न वा बुझाउन सकिनेछ।

५. बोलपत्रको खाम बाहिर ठेक्का नम्बर, कामको विवरण र बोलपत्र दाताको नाम, ठेगाना र फोन नं (घरको, मोवाईलको) स्पष्ट खोली यस कार्यालयलाई सम्बोधन गरी सो खामलाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ साथै शिलबन्दी बोलपत्रसाथ दफा नं. २ मा उल्लेखित कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

६. बोलपत्रसाथ तपशिल बमोजिम धरौटी वा जमानत वापतको रकम (मुल्य अभिवृद्धि कर समेत) रा.वा.बैंक शाखा कार्यालय मन्थली स्थित धरौटी खाता नं. १६८०३०३००७१०१ (ग-३/४९) मा बोलपत्रदाताको नामवाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

७. बोलपत्र दाताले दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ।

८. बोलपत्र दाताले पेश गरेको बोलपत्र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरी पेश गरेको मानिने छ।

९. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन।

१०. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यस सम्वन्धी कुनै कुरा वुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ०४८-५४०११४ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ। साथै यो सूचना यस कार्यालयको वेभ साइट www.ddcramechhap.gov.np मा हेर्न सकिनेछ।

१३. यस सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ।

**शिलवन्दी बोलपत्र सम्वन्धी कार्यको विवरण :**

| सि.नं. | ठेक्का नम्वर | योजनाको नाम | स्वीकृत लई रकम (मुअकर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १३/२०७३/७४ | सालु धोवी बाँसे वाम्ती सडक (जगमाने बाँसे खण्ड) | १७८४०६५.७९ | ४५०००/- | ३०००/- | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक |
| २. | १४/२०७३/७४ | देवीटार दोरम्वा कोइलीवगर सडक | २१२४७३९.१० | ५४०००/- | ३०००/- | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम ( कृषि सडक) |

स्थानीय विकास अधिकारी